नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

## राष्ट्रिय खेलकुद परिषद्को सदस्य-सचिवको नियुक्तिको लागि दरखास्त आव्हान सम्वन्धी सूचना

## प्रथम पटक प्रकाशित मिति २०७८/०८/०४

राष्ट्रिय खेलकुद विकास ऐन २०७७ को दफा १७ को उपदफा (३) अनुसार गठित सदस्य-सचिव सिफारिस समितिले राष्ट्रिय खेलकुद परिषद्को सदस्य-सचिव छनोट गरी मन्त्रिपरिषद्मा सिफारिस गर्नु पर्ने भएकाले देहायका योग्यता र अनुभव पुगेका इच्छुक व्यक्तिबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिन भित्र (२०७८ मंसिर १० गते सम्म) सिफारिस समितिको सचिवालय नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयमा कार्यालय समयभित्र दरखास्त पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>१. योग्यता र अनुभव</u> : राष्ट्रिय खेलकुद परिषद्को सदस्य-सचिव पदमा नियुक्तिको लागि राष्ट्रिय खेलकुद विकास ऐन २०७७ को दफा १७ को उपदफा (२) मा उल्लिखित देहाय बमोजिमको योग्यता र अनुभव हासिल गरेको हुनु पर्नेछ ।

(क) नेपाली नागरिक
(ख) नेपाल सरकारबाट मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण भएको
(ग) खेलकुद क्षेत्रमा कम्तीमा पाँच बर्ष काम गरेको
(घ) प्रचलित कानूनले अयोग्य नभएको
(ङ) तीस वर्ष उमेर पुरा भएको

२. राष्ट्रिय खेलकुद परिषद्को सदस्य सचिवको काम कर्तव्य र अधिकार ऐनको दफा १८ बमोजिम हुनेछ ।

<u>३. दरखास्तका साथ पेश गर्नु पर्ने कागजातहरु</u> :

रितपूर्वक भरेको दरखास्त फारमका साथ देहायका विवरणहरु खुल्ने प्रमाणित कागजातहरु पेश गर्नु पर्नेछ। दरखास्त फारमको नमुना यसैसाथ सम्लग्न छ।

(क) नेपालको नागरिकता प्रमाणपत्रको स्वयं प्रमाणित-प्रतिलिपि ।
(ख) शैक्षिक योग्यता सम्वधी कागजातहरुका स्वयं प्रमाणित प्रतिलिपि, कम्तिमा स्नातकतह र सो भन्दाको माथिल्लो योग्यता भए सो समेत ।
(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा खेलकुद क्षेत्रमा कम्तिमा ५ वर्ष काम गरेको अनुभव खुल्ने कागजातका स्वयं प्रमाणित प्रतिलिपि र सो भन्दा बढी अवधिको कार्यको अनुभव भए सो समेत।
(घ) खेलकुदको विकास र उन्नयनका लागि कार्ययोजना ।

<u>४. कार्ययोजनाको संभावित खाका देहाय बमोजिम हुन सक्नेछ ।</u>

क. परिचय
ख. दुरदृष्टि, लक्ष्य र उद्देश्य
ग. नेपालमा खेलकुद क्षेत्रको वर्तमान अवस्था विश्लेषण (SWOT analysis सहित)

- नीतिगत र कानुनी व्यवस्था
- संस्थागत संरचनाको अवस्था
- खेल पुर्वाधारको अवस्था
- जनशक्तिको अवस्था
- खेलकुद प्रतियोगितामा राष्ट्रिय अन्तराष्ट्रिय उपस्थिति र उपलव्धि
- नेपालमा खेलकुद क्षेत्रमा सुधार गर्नु पर्ने प्रमुख पक्ष तथा क्षेत्रहरु( कारण सहित )

घ. प्रस्तावित योजना (रणनीति र कार्यनीति सहित)

- संस्थागत क्षमताको विकास (राष्ट्रिय खेलकुद परिषद्)
- खेलाडी तथा जनशक्तिको विकास
- भौतिक संरचनाको विकास
- खेलकुद क्षेत्रमा संघ प्रदेश र स्थानीय तहको समन्वय र सहकार्य
- अन्तराष्ट्रिय प्रतियोगितामा प्रभावकारी उपस्थिति

ङ. योजना कार्यान्वयन खाका

<u>५. मुल्याकनका आधार</u> : उम्मेदवारको मुल्याङ्कनको आधारहरु शैक्षिक योग्यता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा खेलकुद क्षेत्रको कार्य अनुभव, कार्ययोजनाको मूल्याङ्कन र प्रस्तुतिकरण रहनेछन् ।

<u>५. दरखास्त रद्द हुन सक्ने</u> : गलत वा झुटा कागजात पेश गरेमा वा प्रकरण २ वमोजिमका कागजातहरु सम्लग्न नभएमा समितिले कुनै पनि चरणमा दरखास्त रद्द गर्न सक्ने छ ।

६. यो सूचना मन्त्रालयको वेभसाइट र मिति २०७८।०८।०४ को गोरखापत्र दैनिकमा हेर्न सकिने छ । यस सम्वन्धी थप कुरा वुझ्नु परेका मन्त्रालयको फोन नं ०१-४२००५४२ मा सम्पर्क गर्न सकिने छ ।

युवा तथा खेलकुद मन्त्रालय काठमाडौं

<u>राष्ट्रिय खेलकुद परिषद्को सदस्य सचिव-पदका लागि दरखास्त फारम</u>

फोटो

**क. व्यक्तिगत विवरण**

१. उम्मेदवारको नाम :

२. जन्म मिति : इ.सं/ वि.सं ........................................................

३. स्थायी ठेगाना : प्रदेश .................................... जिल्ला ..........................................
नगरपालिका/गाउँपालिका................................ वडा नं ...........................
टेलिफोन नं ..................................................

४. अस्थायी ठेगाना : प्रदेश .................................... जिल्ला ...........................................
नगरपालिका/गाउँपालिका............................. वडा नं ..............................
टेलिफोन नं ..............................................

५. नागरिकता : जारी गरिएको
जिल्ला.............................. मिति......................... नगरिकता नं ...........................

६. मोबाइल नम्बर :...................................................

७. इमेलः......................................................................

**ख. शैक्षिक योग्यता**

| शैक्षिक संस्थाको नाम र ठेगाना | उपाधि | अध्ययन वर्ष | | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| | | बाट | सम्म | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**ग. सम्बन्धित क्षेत्रमा कार्य अनुभवको विवरण**

| संस्था/ निकायको नाम र ठेगाना | कार्य अवधि | | मुख्य उत्तरदायित्व | कैफियत |
|---|---|---|---|---|
| | बाट | सम्म | | |
| | | | | |
| | | | | |
| | | | | |

माथि उल्लेखित मेरो व्यक्तिगत विवरण ठिक साँचो छ । झुठ्ठा ठहरिएमा यसै विवरणको आधारमा बदर गरिएमा म कुनै किसिमको उजुरबाजुर गर्ने छैन ।

दरखास्तवालाको हस्ताक्षर :

मिति :

ल्याप्चे सहीछाप

| दाँया | बाँया |
|---|---|
| | |

युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

**नोट : दरखास्तको साथमा तल उल्लेखित कागजातका छाँयाप्रतिहरु संलग्न गर्नुपर्नेछ ।**

(क) नेपालको नागरिकता प्रमाणपत्रको स्वयं प्रमाणित प्रतिलिपि ।

(ख) शैक्षिक योग्यता सम्वधी कागजातहरुका स्वयं प्रमाणित प्रतिलिपि, कम्तिमा स्नातकतह र सो भन्दाको माथिल्लो योग्यता भए सो समेत ।

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा खेलकुद क्षेत्रमा कम्तिमा ५ वर्ष काम गरेको अनुभव खुल्ने कागजातका स्वयं प्रमाणित प्रतिलिपि र सो भन्दा बढी अवधिको कार्यको अनुभव भए सो समेत।

(घ) खेलकुदको विकास र उन्नयनका लागि कार्ययोजना (परिचय, दुरदृष्टि, लक्ष्य र उद्देश्य, नेपालमा खेलकुद क्षेत्रको वर्तमान अवस्थाको विश्लेषण - SWOT analysis, रणनीति र कार्यनीति सहित प्रस्तावित योजना, योजना कार्यान्वयनको खाका समेत समेटिएको ) ।